This Booklet contains **20** printed pages.
इस पुस्तिका में **20** मुद्रित पृष्ठ हैं।

# AK14I

**Test Booklet No.**
**परीक्षा पुस्तिका संख्या**

## PAPER—I / प्रश्न-पत्र—I

## NEPALI LANGUAGE SUPPLEMENT / नेपाली भाषा परिशिष्ट

### PART—IV & V / भाग—IV & V

**Test Booklet Code**
**परीक्षा पुस्तिका संकेत**

# L

Do not open this Test Booklet until you are asked to do so.
इस परीक्षा पुस्तिका को तब तक न खोलें जब तक कहा न जाए।
Read carefully the Instructions on the Back Cover (Pages 19 & 20) of this Test Booklet.
इस परीक्षा पुस्तिका के पिछले आवरण (पृष्ठ 19 व 20) पर दिए गए निर्देशों को ध्यान से पढ़ें।
**For Instructions in Nepali see Page 2 of this Booklet.**
**नेपाली में निर्देशों के लिए इस पुस्तिका का पृष्ठ 2 देखें।**

### *Instructions for Candidates :*

1. This booklet is a supplement to the Main Test Booklet for those candidates who wish to answer **EITHER** Part—IV (Language—I) **OR** Part—V (Language—II) in **NEPALI** language, but **NOT BOTH**.
2. Candidates are required to answer Parts—I, II, III from the Main Test Booklet and Parts—IV and V from the languages chosen by them.
3. Questions on English and Hindi languages for Part—IV and Part—V have been given in the Main Test Booklet. Language Supplements can be asked for separately.
4. Use **Blue/Black Ballpoint Pen only** for writing particulars on this page/marking responses in the Answer Sheet.
5. The CODE for this Language Booklet is **L**. Make sure that the CODE printed on **Side-2** of the Answer Sheet and on your Main Test Booklet is the same as that on this Language Supplement Booklet. In case of discrepancy, the candidate should immediately report the matter to the Invigilator for replacement of the Language Supplement Test Booklet.
6. This Test Booklet has **Two** Parts—IV and V, consisting of **60** Objective-type Questions and each carrying 1 mark :
   Part-IV : Language-I (Nepali) (Q. Nos. 91-120)
   Part-V : Language-II (Nepali) (Q. Nos. 121-150)
7. Part-IV contains 30 questions for Language-I and Part-V contains 30 questions for Language-II. In this Test Booklet, only questions pertaining to Nepali Language have been given. **In case the language(s) you have opted for as Language-I and/or Language-II is a language other than Nepali, please ask for a Test Booklet that contains questions on that Language. The languages being answered must tally with the languages opted for in your Application Form.**
8. **Candidates are required to attempt questions in Part-V (Language-II) in a language other than the one chosen as Language-I (in Part-IV) from the list of languages.**
9. Rough work should be done only in the space provided in the Test Booklet for the same.
10. The answers are to be recorded on the OMR Answer Sheet only. Mark your responses carefully. No whitener is allowed for changing answers.

### *परीक्षार्थियों के लिए निर्देश :*

1. यह पुस्तिका मुख्य परीक्षा पुस्तिका की एक परिशिष्ट है, उन परीक्षार्थियों के लिए जो **या** तो भाग—IV (भाषा—I) **या** भाग—V (भाषा—II) **नेपाली** भाषा में देना चाहते हैं, लेकिन **दोनों नहीं**।
2. परीक्षार्थी भाग—I, II, III के उत्तर मुख्य परीक्षा पुस्तिका से दें और भाग—IV व V के उत्तर उनके द्वारा चुनी भाषाओं से।
3. अंग्रेज़ी व हिन्दी भाषा पर प्रश्न मुख्य परीक्षा पुस्तिका में भाग—IV व भाग—V के अन्तर्गत दिए गए हैं। भाषा परिशिष्टों को आप अलग से माँग सकते हैं।
4. इस पृष्ठ पर विवरण अंकित करने एवं उत्तर-पत्र पर निशान लगाने के लिए केवल **नीले/काले बॉलपॉइंट पेन** का प्रयोग करें।
5. इस भाषा पुस्तिका का **संकेत L** है। यह सुनिश्चित कर लें कि इस भाषा परिशिष्ट पुस्तिका का संकेत, उत्तर-पत्र के **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिका पर छपे संकेत से मिलता है। अगर यह भिन्न हो, तो परीक्षार्थी दूसरी भाषा परिशिष्ट परीक्षा पुस्तिका लेने के लिए निरीक्षक को तुरन्त अवगत कराएँ।
6. इस परीक्षा पुस्तिका में दो भाग—IV और V हैं, जिनमें **60** वस्तुनिष्ठ प्रश्न हैं तथा प्रत्येक 1 अंक का है :
   भाग-IV : भाषा-I (नेपाली) (प्रश्न सं० 91-120)
   भाग-V : भाषा-II (नेपाली) (प्रश्न सं० 121-150)
7. भाग-IV में भाषा-I के लिए 30 प्रश्न और भाग-V में भाषा-II के लिए 30 प्रश्न दिए गए हैं। इस परीक्षा पुस्तिका में केवल नेपाली भाषा से सम्बन्धित प्रश्न दिए गए हैं। **यदि भाषा-I और/या भाषा-II में आपके द्वारा चुनी गई भाषा(एँ) नेपाली के अलावा है/हैं, तो कृपया उस भाषा वाली परीक्षा पुस्तिका माँग लें। जिन भाषाओं के प्रश्नों के उत्तर आप दे रहे हैं वह आवेदन पत्र में चुनी गई भाषाओं से अवश्य मेल खानी चाहिए।**
8. **परीक्षार्थी भाग-V (भाषा-II) के लिए, भाषा सूची से ऐसी भाषा चुनें जो उनके द्वारा भाषा-I (भाग-IV) में चुनी गई भाषा से भिन्न हो।**
9. रफ़ कार्य परीक्षा पुस्तिका में इस प्रयोजन के लिए दी गई खाली जगह पर ही करें।
10. सभी उत्तर केवल OMR उत्तर-पत्र पर ही अंकित करें। अपने उत्तर ध्यानपूर्वक अंकित करें। उत्तर बदलने हेतु श्वेत रंजक का प्रयोग निषिद्ध है।

Name of the Candidate (in Capitals) : ______________________
परीक्षार्थी का नाम (बड़े अक्षरों में)

Roll Number (in figures) : ______________________
अनुक्रमांक (अंकों में)

(in words) : ______________________
(शब्दों में)

Centre of Examination (in Capitals) : ______________________
परीक्षा-केन्द्र (बड़े अक्षरों में)

Candidate's Signature : ______________
परीक्षार्थी के हस्ताक्षर

Invigilator's Signature : ______________
निरीक्षक के हस्ताक्षर

Facsimile signature stamp of Centre Superintendent ______________________

यस पुस्तिकामा 20 पृष्ठ छन्

**AK14I**

परीक्षा पुस्तिका सङ्केत

**L**

## प्रश्न-पत्र—I

# नेपाली भाषा परिशिष्ट खण्ड

## भाग—IV र V

यो परीक्षा पुस्तिका तबमात्र खोल्नुहोस् जब तपाईंलाई खोल्न भनिन्छ।

यो परीक्षा पुस्तिकाको पछिल्लो आवरणमा (पृष्ठ 19 व 20) दिइएको निर्देश ध्यानले पढ्नुहोस्।

***परीक्षार्थीहरूका लागि निर्देश :***

1. यो पुस्तिका मुख्य परीक्षा पुस्तिकाको परिशिष्ट हो ती परीक्षार्थीहरूका लागि जुन परीक्षार्थीहरू **या** त भाग—IV (भाषा—I) **या** भाग—V (भाषा—II) **नेपाली** भाषामा दिन चाहन्छन्, तर **दुवैमा होइन**।
2. परीक्षार्थीले भाग—I, II, III का उत्तर मुख्य परीक्षा पुस्तिकाबाट दिनुपर्छ र भाग—IV र V का उत्तर उनीहरूले छानेको भाषाहरूबाट।
3. अङ्ग्रेजी र हिन्दी भाषामा यी प्रश्न मुख्य परीक्षा पुस्तिकामा भाग—IV र V को अन्तर्गत दिइएका छन्। भाषा परिशिष्टलाई तपाईं अलग्गै माग्न सक्नुहुने छ।
4. यो पृष्ठमा विवरण अङ्कित गर्न एवं उत्तर-पत्रमा निशान लगाउनको लागि **केवल नीलो/कालो बॉलपोइन्ट पेन** मात्रै प्रयोग गर्नुहोस्।
5. यो भाषा पुस्तिकाको **सङ्केत L** हो। यो सुनिश्चित गर्नु कि यो भाषा परिशिष्ट पुस्तिकाको सङ्केत, उत्तर-पत्रको पृष्ठ-**2** एवं मुख्य परीक्षा पुस्तिकामा छापिएको सङ्केतसित मिल्छ। यदि यो भिन्नै छ भने परीक्षार्थीले दोस्रो भाषा परिशिष्ट परीक्षा पुस्तिका लिनका लागि निरीक्षकलाई तत्काल जनाउनुपर्ने छ।
6. यो पुस्तिकामा **दुई** भाग—IV र V छन्; जसमा 60वटा वस्तुनिष्ठ प्रश्न छन् र ती प्रत्येक 1 अङ्कका छन्:

| | | |
|---|---|---|
| भाग—IV : | भाषा—I (नेपाली) | (प्रश्न सं 91–120) |
| भाग—V : | भाषा—II (नेपाली) | (प्रश्न सं 121–150) |

7. भाग—IV मा भाषा—I का लागि 30 प्रश्न र भाग—V मा भाषा—II का लागि 30 प्रश्न दिइएका छन्। यस परीक्षा पुस्तिकामा केवल नेपाली भाषा सम्बन्धित प्रश्न दिइएको छ। **यदि तपाईंको भाषा—I वा II नेपालीका अतिरिक्त छ भने कृपया त्यो भाषा सम्बन्धित परीक्षा पुस्तिका माग्नुहोस्। जुन भाषाहरूको प्रश्नहरूको उत्तर तपाईंले दिंदै हुनुन्छ त्यो आवेदन-पत्रमा चुनीएको भाषाहरूसित अवश्य मेल खानु पर्छ।**
8. **परीक्षार्थीले भाग—V (भाषा—II) का लागि भाषा सूचीबाट यस्तो भाषा छान्नु पर्छ जो उनीद्वारा भाषा—I (भाग—IV) मा छानिएको भाषाबाट भिन्न होस्।**
9. कच्चा काम परीक्षा पुस्तिकामा दिइएको खालि स्थानमा नै गर्नुहोस्।
10. सबै उत्तर केवल OMR उत्तर-पत्रमा नै अङ्कित गर्नुहोस्। आफ्नो उत्तर ध्यानपूर्वक अङ्कित गर्नुहोस्। उत्तर बदल्नका लागि श्वेतरञ्जकको प्रयोग निषेध छ।

विद्यार्थीको नाम : ______________________

अनुक्रमाङ्क (अङ्कमा) : ______________________

(शब्दमा) : ______________________

परीक्षा केन्द्र : ______________________

परीक्षार्थीको हस्ताक्षर : ______________ निरीक्षकको हस्ताक्षर : ______________

Facsimile signature stamp of Centre Superintendent ______________

**Candidates should answer questions from the following Part only if they have opted for NEPALI as LANGUAGE–I**

# भाग—IV : भाषा—I

## नेपाली

*निर्देश* : दिइएको अनुच्छेद पढ्नुहोस् अनि उपयुक्त विकल्पको चयन गरी तल दिइएका (प्रश्न **91** देखि प्रश्न **99**) प्रश्नहरूको उत्तर दिनुहोस् :

विद्यार्थी नै देशको भविष्यका कर्णधार हुन्। विद्यार्थी जीवन मानव जीवनको सबैभन्दा महत्त्वपूर्ण समय हो। जन्म लिँदा बालक अबोध हुन्छ। शिक्षाद्वारा उसको जीवनको लक्ष्य निर्धारित हुन्छ। शिक्षाद्वारा नै उसको बुद्धि विकसित हुन्छ। जुन समयमा मानिस पूर्ण मनोयोगले विद्या अध्ययन गर्छ त्यही नै उसको विद्यार्थी जीवन हो। विद्यार्थी जीवन मानव जीवनको सर्वश्रेष्ठ जीवन हो। यस समयमा सिकेको ज्ञान उसको जीवनभरि काममा आउँछ। विद्यार्थी जीवनमा नै मानिसलाई उसको जीवनको सही दिशाको ज्ञान हुन्छ। यसैले यस कालमा मानिस अत्यन्त होसियार हुनुपर्छ। मानिसका शारीरिक, बौद्धिक, मानसिक, नैतिक गुणहरूको विकास विद्यार्थी जीवनमा नै हुन्छ। बालकको मस्तिष्कमा जुन राम्रो-नराम्रो छाप पर्छ त्यो जीवनभर रहिरहन्छ। प्रत्येक महापुरुषको महानताको आधार विद्यार्थी जीवन नै हो। शिक्षा आर्जनका साथ-साथै शारीरिक-मानसिक विकास एवं चारित्रिक सद्गुणको विकास पनि विद्यार्थीको लक्ष्य हुनुपर्छ। विद्यार्थी जीवनमा नै सहयोग, प्रेम, सहानुभूति, साहस आदि गुणको विकास गर्नुपर्छ। अनुशासन, शिष्टाचार आदि यसै समयमा प्राप्त गर्न सकिन्छ। विद्यार्थी जीवनमा विद्यार्थीले ज्ञान हासिल गर्छ। पाठ्य पुस्तकका साथ-साथै उसले अन्य उत्तम पुस्तकहरू पनि पढ्ने गर्नुपर्छ। विद्यार्थीले अध्ययन गर्न अल्छी गर्नुहुँदैन। विद्या आर्जनका लागि त्याग र कठोर परिश्रम गर्न ऊ सधैँ तत्पर रहनुपर्छ। विद्यार्थी जीवनमा उसको मस्तिष्क कोमल हुन्छ। अतः उसलाई जस्तो शिक्षा दिइन्छ त्यस्तै शिक्षा उसले सजिलै ग्रहण गरिहाल्छ। विद्याद्वारा उसलाई आत्मसुधारको ज्ञान प्राप्त हुन्छ। विद्यार्थीमा हुनुपर्ने आवश्यक गुणहरूको चर्चा प्राचीन आचार्यहरूले यसप्रकार गरेका छन्—"काकचेष्टा वको ध्यानं श्वाननिद्रा तथैव च। अल्पाहारी गृहत्यागी विद्यार्थी पञ्चलक्षणम्॥" विद्यार्थीले ठुलो-सानो, धनी-गरिब आदिको भेदभाव नराखी विद्या अध्ययन गर्नुपर्छ। विद्यार्थी सधैँ संयम तथा अनुशासनप्रिय हुनुपर्छ। आफ्ना गुरुहरूप्रति आदर-भाव राख्नुपर्छ। विद्या अध्ययन गर्नका निम्ति विद्यार्थी विनयशील हुनुपर्छ। विद्यार्थी सधैँ आफ्नो शारीरिक र मानसिक स्वस्थताप्रति सचेत रहनुपर्छ। स्वस्थ मानसिकताले नै राम्रो विचार ग्रहण गर्न सक्छ। स्वस्थ मस्तिष्क स्वस्थ शरीरमा मात्र हुन्छ। यसर्थ विद्यार्थीले सधैँ शारीरिक र मानसिक विकासलाई सन्तुलित रूपमा राख्नुपर्छ।

**91.** 'कर्णधार' शब्दको अर्थ हो

(1) समस्यालाई आफ्ना काँधमा बोकेर हिँड्ने

(2) पूर्वप्रस्तुतिसित समस्या आउँछ भनी तयार बस्ने तर निष्क्रिय रहने

(3) धारण गर्ने क्षमता भएको, वहन सहन गर्ने क्षमताको आग्रही

(4) पार लगाउने क्षमता भएको, समस्याबाट मुक्ति दिन सक्षम

**92.** विद्यार्थी जीवन भन्नाले के बुझिएको छ?

(1) बुद्धि विकसित हुने समय

(2) पढाइमा लीन भएको क्षण वा पल

(3) मन लगाएर विद्या अध्ययन गर्न खर्चिएको समय

(4) पढ्नका लागि स्कूल गएको अवधि

**93.** विद्यार्थी जीवनमा हुने विकासलाई तलको कुन पदावलीले उपयुक्त अर्थ दिन सक्छ?

(1) अन्तर्मुखी विकास

(2) बहुमुखी विकास

(3) बहिर्मुखी विकास

(4) सान्दर्भिक विकास

**94.** विद्यार्थी जीवनमा शिक्षार्थीको क्षमतालाई कुन रूपमा व्याख्या गर्न सकिन्छ?

(1) रमणीय र आनन्दका निम्ति उत्सुक

(2) परिश्रमी तथा सौन्दर्यप्रेमी

(3) ज्ञान अधिग्रहणका लागि उपयुक्त

(4) कर्मठ, क्षमतावान र व्यवसायी

**95.** विद्यार्थीमा हुनुपर्ने कतिवटा आवश्यक गुणहरूको चर्चा प्राचीन आचार्यहरूले गरेका छन्?

(1) पाँचवटा

(2) छवटा

(3) सातवटा

(4) चारवटा

**96.** शिक्षाद्वारा जीवनमा निर्धारित हुने कुरा हो

(1) प्रकृति र परिवेशप्रति अनुराग

(2) जीवनयापनको साधन

(3) उद्देश्य

(4) सफलता्

**97.** असल विचार ग्रहण गर्नका निम्ति विद्यार्थीमा हुनुपर्छ

(1) सन्तुलित आहार र आचार

(2) अनुशासनप्रियता तथा उदासीनता

(3) संयम, धैर्य र दुस्साहस

(4) अविकृत, रोगविहीन तन र मन

**98.** विद्या अध्ययन गर्नका निम्ति विद्यार्थीमा हुनुपर्ने एउटा गुण हो

(1) विद्यार्थीप्रतिको प्रेम

(2) महत्त्वाकांक्षा

(3) विनम्रता

(4) सामाजिक उत्तरदायित्व

**99.** माथिको अनुच्छेदमा अभिव्यक्त विचार हो

(1) आदर्श र नैतिक

(2) शैक्षिक र सहानुभूतिपूर्ण

(3) शिक्षानुरागी र आस्तित्विक

(4) व्यावसायिक र मानवीय

*निर्देश* : उपयुक्त विकल्पको चयन गरी तलका (प्रश्न **100** देखि प्रश्न **114**) प्रश्नहरूको उत्तर दिनुहोस् :

**100.** केही शब्दहरू छुटेका छोटो अनुच्छेद पढेर विद्यार्थीले उक्त अनुच्छेद पठनका आधारमा रिक्तस्थान भर्नुपर्ने कार्यले उसको यस योग्यताको परीक्षण गर्दछ

(1) बोधक्षमता

(2) नयाँ शब्दहरूको प्रयोग

(3) सार लेख्नु

(4) शब्दहरूको उच्चारण

**101.** निम्नलिखितमध्ये कुनचाहिँ पठन बोधसम्बन्धी प्रश्न हो?

(1) 'निर्वाध' शब्दको उच्चारण जाँच गर।

(2) नोबेल पुरस्कार विजेता भारतीय कविको नाउँ लेख।

(3) तिमीले किरण देसाईको अर्को पुस्तक पढेका छौ?

(4) 'चित्त पर्नु' पदावलीको प्रयोग आफ्नो वाक्यमा गर।

**102.** अर्थपूर्ण लेखाइका निम्ति रङ्गीन खरीले कागतमा कोर्नु, वृत्त अनि आकार आदि बनाउनु जस्ता कार्यहरूका साथै विद्यार्थीले राम्रो —— क्षमताको विकास गर्नुपर्छ।

(1) कार्यसञ्चालनगत (मोटर)

(2) भावनात्मक (इमोसनल)

(3) अवस्थानक (सर्वाइवल)

(4) ज्ञानात्मक (कग्निटिव)

**103.** मैत्रीपूर्ण पत्र लेख्दा विद्यार्थीले यसका निम्न विशेषताहरूमा ध्यान पुऱ्याउनुपर्छ

(1) निर्वैयक्तिक हुनु, उचित ढाँचाको प्रयोग

(2) अरूप्रति स्पष्ट हुनु, संक्षेपीकृत पदको प्रयोग, स्पष्ट ढाँचा

(3) व्यक्तिगत, कुनै पनि ढाँचाविना

(4) पत्रलेखनको कुनै ढाँचा, व्यक्तिगत समीपता, संक्षेपीकृत पदको प्रयोग

**104.** भाषा सिकाइमा, भाषामा रहेका अनौठा उच्चारण नियमका कारण बोल्दा विद्यार्थीहरूमा आत्मविश्वासको कमी रहने गर्दछ। यो समस्या निवारण गर्ने एउटा उपाय हो

(1) विद्यार्थीहरूले कक्षामा जोडजोडले पढेर

(2) खेलजस्तो गरी क्रियाकलाप गर्न लगाएर, जसका निम्ति कक्षामा वाचिक अन्तर्क्रिया आवश्यक हुन्छ

(3) परामर्शदाताको सहयोगमा विशेष वाक्-उपचार गराएर

(4) भूल भएको खण्डमा उतिखेरै त्यसको सुधार गरेर

**105.** "मैले आजको पाठमा यो गीत प्रयोग गर्ने निधो गरेँ। शिक्षार्थीहरू गीत पढेपछि त्यसमा रहेका अपूर्ण शब्दहरू ठम्याउने कोशिश गरून्। त्यसपछि उनीहरू सही भएको वा नभएको जाँच गरिनेछ।" यो सूचना —— क्रियाकलाप हो।

(1) विनिमय (एक्सचेन्ज)

(2) सुधार (करेक्सन)

(3) अन्तराल/रिक्तता (ग्याप)

(4) अन्तरण (ट्रान्सफर)

106. अरूभन्दा सजिलोसँग भाषा अधिग्रहण गर्न कुनै बालक त्यस निर्दिष्ट समयावधिमा धेरै सक्षम हुन्छ

(1) 13 वर्षको उमेरपछि

(2) 8 वर्षभन्दा अधिको उमेरमा

(3) 8 वर्षको उमेरपछि

(4) 10 वर्षभन्दा कम उमेरमा

107. मिडिया चिह्नित गर : विद्यार्थीहरूका निम्ति अधिकभन्दा अधिक गहन सूचना संलग्न गराउँदा अधिक विषयवस्तुमा व्यय बढ्दैन।

(1) कागज

(2) इलेक्ट्रोनिक

(3) लाइभ डिस्प्ले/प्रदर्शन

(4) ओभर-हेड प्रोजेक्टर पारदर्शी चित्र/स्लाइड्स

108. बहुभाषी कक्षामा विद्यार्थीले एउटा भाषा सिक्दा

(1) स्वराघातको विविधता, व्याकरणिक संरचना इत्यादि विषयको चर्चाद्वारा लक्ष्यभाषाको राम्रो जानकारी र प्रयोग सिक्ने अवसर पाउँछन्

(2) सामयिक रूपले एउटै भाषा बोल्ने विद्यार्थीहरूलाई समूहमा राख्नाले भाषा आर्जन अधिक गर्छन्

(3) लक्ष्य भाषामा प्रभावकारी सम्प्रेषण प्रदान गर्ने उद्देश्य राखेर विद्यार्थीहरूलाई अन्य भाषा बोल्न प्रत्यक्ष रूपमा निरुत्साहित गर्नु

(4) सम्प्रेषणको अभावका कारण कक्षामा अरुचिपूर्ण प्रस्तुति दिन्छन्

109. कुनै भाषा शिक्षार्थीले दोस्रो/विदेशी भाषामा दक्षता प्राप्त गर्दा भाषा अन्तरणले गुण स्तरमा प्रभाव पार्छ। यस स्थितिमा तब शिक्षकले सहयोग गर्न सक्छन् जब,

(1) द्वितीय भाषा (L 2) शिक्षणको ठोस बोधगम्य (ज्ञानात्मक) आधारहरूको विकास गर्नका निम्ति प्रथम भाषा (L 1) को सामान्य भाषिक क्षमता विकास गर्न सक्ने क्रियाकलाप प्रदान गर्छन्

(2) विद्यार्थीहरूमा आत्मविश्वास बढाउन तथा विस्तृत परिचर्चा गराउन धेर सामूहिक कार्य गराउँछन्

(3) अन्य भाषा सिकाइबारे विद्यार्थीहरूका कठिनताको मूल्याङ्कन गर्न सामयिक निदान जाँच गराउँछन्

(4) कठिन पाठको उत्तरोत्तर तथा तीव्रतर पठन सत्रको समायोजन गराउँछन्

110. मिश्रित योग्यता भएका विद्यार्थीहरू रहेको भाषा कक्षामा शिक्षकका निम्ति यो सुनिश्चित हुनु आवश्यक छ, उनीहरू

(1) उनीहरूको समस्या बुझ्न मनोचिकित्सक तथा श्रेणीशिक्षकसित सामयिक सभा गरेका छन्

(2) घरमा शिक्षाकार्यादि सजिलोसँग सम्पन्न गर्न आफ्ना अभिभावकसहित शिक्षकहरूसँग भेटघाट गर्छन्

(3) लघु कक्षा परियोजना आयोजन गर्नु जहाँ उनीहरू सबै आएर आपस्तमा परिचर्चा गर्छन्, सामाजिक कौशलको विकास गर्छन् अनि बृहत् सामूहिक कार्यमा सहभागी बन्छन्

(4) अरूको समकक्षमा आउन, आफ्नो अङ्कस्तर बढाउन स्कूलको समयपछि विशेष कक्षामा उपस्थित रहेका छन्

**111.** पाठ्यपुस्तकमा भएका प्रश्नहरू कहिले काहीं निम्न स्तरका वा तथ्य-आधारित हुने गर्छन्। यस्ता स्थितिमा शिक्षकले

(1) उक्त ज्ञानका आधारमा पाठको रूपरेखा तयार पार्न सक्छन्

(2) पाठ्यपुस्तक थोरै प्रयोग गर्छन्

(3) साहित्यिक पाठको पठनमा धेर निर्देश दिन्छन्

(4) रचनात्मक सोच अनि समस्या निराकरण गर्न कार्यहरू प्रदान गर्न सक्छन्

**112.** विदेशी भाषा सिक्नेले हिज्जेका कारण लिखित पाठको पठन मौखिक रूप गर्दा उसलाई गाह्रो पर्छ। यसको समाधान गर्न सकिन्छ :

(1) आफैले अभ्यासका रूपमा 'कठिन' शब्दहरू पढेर

(2) हिज्जेलाई उच्चारणसित सम्वद्ध गर्दै जोडजोडले पढेर

(3) पढ्दै गर्दा शब्दहरूको सही उच्चारण सुनेर अनि अभ्यासका रूपमा जोडसित दोहोऱ्याउँदै पढेर

(4) शिक्षकले गरेको उच्चारणको अनुकरण गरेर

**113.** एउटा भाषा कक्षामा विशेष गरेर स्वत्वको भाव, सफलता अनि आत्मसम्मानको प्रवर्द्धन विशेष क्षमतावान विद्यार्थीहरूमाझ यस माध्यमले गर्न सकिन्छ

(1) सहकारितामूलक शिक्षा, समायोजन अनि परिचर्चाको अवसरद्वारा

(2) उनीहरूको विशष खाँचो पुरा गर्न योग्य कर्मचारी मात्र नियुक्त गरेर

(3) अन्य स्कूलका साथीहरूसित मिलजुल गर्न नसक्ने गरी उनीहरूलाई एकत्रित पारेर

(4) पाठ्यचर्यासम्बन्धी विविध प्रकारका पुस्तकहरू प्रदान गरेर

**114.** परम्परागत भाषा कक्षा शिक्षक-केन्द्रित कक्षा हो, आधुनिक कक्षा विद्यार्थी-केन्द्रित कक्षा हो। अघिल्लोको एउटा विशेषता हो।

(1) विद्यार्थीहरू कक्षाबाहिर स्वतन्त्र रूपमा पढ्छन् अनि सामयिक रूपले लिखित जाँच दिन्छन्

(2) विशेष रूपले योजनाबद्ध गरिएका भाषा शिक्षण क्रियाकलापमा विद्यार्थीको सहभागितालाई प्रोत्साहित गर्छन् अनि यसको प्रबन्ध गरिदिन्छन्

(3) शिक्षकले सबै समय मौखिक र लिखित भाषाको मोडल तयार पार्छन् अनि शिक्षार्थीहरू उनको अनुकरण गर्छन्

(4) शिक्षक शिक्षाका प्रभारी हुन् अनि विद्यार्थीले उनीहरूका कार्यप्रदर्शनको अनवरत प्रतिफल पाउने कुरा शिक्षकले सुनिश्चित गर्छन्

*निर्देश* : दिइएको कविता पढ्नुहोस् अनि उपयुक्त विकल्पको चयन गरी तल दिइएका (प्रश्न **115** देखि प्रश्न **120**) प्रश्नहरूको उत्तर दिनुहोस् :

दबिन्छ गुणिको दोष गुणका राशिमा परी।
रश्मिले चन्द्रको दाग दबाएकै छ बेसरी॥
कसैको लोकमा छैन एकैनास समुन्नति।
अरूको के कुरा हेर सन्ध्यामा सूर्यको गति॥
छोटो बढ्यो भने ज्यादा फूर्ति ढाँचा बढाउँछ।
उर्लंदो खहरे हेर कत्तिको गडगडाउँछ॥
मिलेर काम गर्नाले हुन्छ अत्यन्त फायदा।
एकता हेर कस्तो छ मौरीको महमा सदा॥
जो दिँदैन उही दिन्छु भनी गर्जन्छ सत्त्वर।
जो हो नबर्सने मेघ उसैको हुन्छ घर्घर॥

**115.** यस कवितामा परेको अलङ्कार हो

(1) व्याजस्तुति

(2) दृष्टान्त

(3) उत्प्रेक्षा

(4) विरोधाभास

**116.** 'रश्मिले चन्द्रको दाग दबाएकै छ बेसरी' पङ्क्तिमा अभिव्यक्त विचार

(1) वैज्ञानिक छ

(2) नकारात्मक छ

(3) सकारात्मक छ

(4) तटस्थ छ

**117.** सन्ध्यामा सूर्यको गति हुन्छ

(1) मन्दगतिमा

(2) अधोगतिमा

(3) गतिहीनतामा

(4) समुन्नतिमा

**118.** 'गडगडाउँछ' पदको वैशिष्ट्य चिन्न तलको कुन कुरा अधिक उपयुक्त छ?

(1) अनुकरणात्मक शब्द

(2) मिलित क्रियापद

(3) सकर्मक क्रियापद

(4) नामधातुबाट बनेको क्रियापद

**119.** कविताको अन्तिम पद्यमा व्यक्त विचारको सादृश्य तलको कुन उखानसँग हुन्छ?

(1) आँखा लोभी मन पापी

(2) आए आँप गए झटारो

(3) टेक्ने लौरो न समाउने हाँगो

(4) भुक्ने कुकुरले कहिले टोक्दैन

**120.** कविता-अनुसार मौरीको मह के-को फल हो?

(1) इमानदारी र परोपकारको

(2) मिलजुल गरी काम गर्ने स्वभावको

(3) फायदा गर्ने मानसिक वृत्तिको

(4) फलफूलका रसको

**Candidates should answer questions from the following Part only if they have opted for NEPALI as LANGUAGE–II**

→

# भाग—V : भाषा—II

## नेपाली

*निर्देश* : दिइएको अनुच्छेद पढ्नुहोस् अनि उपयुक्त विकल्पको चयन गरी तल दिइएका (प्रश्न **121** देखि प्रश्न **129**) प्रश्नहरूको उत्तर दिनुहोस् :

मेरो नाम कलम हो। यो शब्द अरबी भाषाबाट नेपालीमा आएको हो। संस्कृतमा मलाई *लेखनी* भन्दछन्। मेरो आकार सानो भए तापनि संसारलाई सुमार्गतर्फ लैजान मैले ठुलो कार्य गरेको छु। यस कुराको प्रमाण इतिहासमा पाइन्छ। कलम ठुलो कि तलवार? भन्ने प्रश्नमा धेरै तर्क-वितर्क भइसकेको छ। तलवारले गर्न नसक्ने काम म एकै क्षणमा गर्न सक्छु। मेरो जन्मको इतिहास मानव-सभ्यताको विकासको इतिहास हो। प्राचीनकालमा भाषाको विकास सँगसँगै मेरो पनि विकास भएको हो। शुरू-शुरूमा धरतीमा आफ्नै औंलाले लेख्ने मान्छेले मेरा लागि औंला प्रयोग गर्न थाल्यो। मसीको निर्माण भएपछि मान्छेले रूखका ठुला-ठुला पातमा लेख्न थाल्यो। त्यस समय मेरो शरीर ठाडे उन्युको, बाँसको सानो कप्टेराको अथवा पक्षीको प्वाँखबाट बनेको थियो। आधुनिक युगमा म विभिन्न प्रकारमा एवम् आकर्षक रूपमा महँगो दाममा औ नयाँ-नयाँ नाममा उपलब्ध छु। हिजोआज लेख्नुपर्दा मेरो मुख घरीघरी मसीमा चोबलिरहनुपर्दैन। एकपल्ट मसी भरेपछि म धेरै पृष्ठ लेख्न सक्छु। मेरो यस रूपलाई अङ्ग्रेजीमा *पेन* भन्दछन्। पेनको अर्थ चराको प्वाँख हो। उहिले-उहिले प्वाँखले लेख्ने गरिन्थ्यो। त्यसैले मलाई पेन भनिएको हो। मेरो अर्को रूपचाहिँ पेन्सिल हो। चित्र बनाउँदा र साना शिशुहरूले लेख्न सिक्ता विशेष गरी मेरो उपयोग गरिन्छ। आज म बजारमा एक रुपियाँदेखि लिएर हजार रुपियाँसम्मको दाममा विभिन्न रूपमा उपलब्ध छु। फाउन्टेन पेन, बलपेन, स्केचपेन, रोलरपेन आदि मेरा अचेल अनेक रूप र अवतारहरू चलेका छन्। म सबैलाई सहयोग गर्छु। म कसैसित पनि वैरभाव राख्तिनँ। मेरो इच्छा सबैको निम्ति काम गर्नु हो। बालकदेखि वृद्धसम्मले मलाई आफ्नो काममा लगाउँछन्। समाजमा सबै क्षेत्रका व्यक्तिहरूले मेरो इज्जत गर्छन् र मलाई इज्जतसित काम लगाउँछन्। परीक्षा उत्तीर्ण गर्न म सबैलाई सहायता गर्छु। मेरो सहायताले युवक-युवतीहरूले ठुला-ठुला काम पाएका छन्। शिक्षक, डॉक्टर, वकिल, कवि, लेखक, पत्रकार सबैले मलाई प्रयोग गर्छन्। शिक्षकसित रहेर म पाठ्यसामग्री बनाउँछु। डॉक्टरका हातमा रहेर म बिरामीका निम्ति औषधि लेखिदिन्छु। लेखकहरूले मेरा सहायताले आफ्ना मनका भावना लेख्ने गर्छन्। समाजका प्रत्येक वर्गले नै मेरो कदर गर्छन्। जसले मेरो कदर गर्दैन ऊ सधैं अशिक्षित र अनपढ हुन्छ औ उसले जीवनमा धेरै दुःख-कष्ट भोग्नुपर्छ। साहित्य-रचनाकारहरूको त झन् म अभिन्न मित्र नै हुँ। महर्षि वेदव्यासदेखि लिएर आधुनिक युगका प्रत्येक कवि-साहित्यकारहरूको सत्सङ्ग मलाई प्राप्त छ। सम्पूर्ण कवि-साहित्यकारले मलाई अत्यन्त माया गर्छन्। एक प्रकारले म उनीहरूका निम्ति उपयोगी वस्तु मात्र नभएर आभूषण पनि हुँ। मेरो जन्म नभएको भए आजको संसार कस्तो हुने थियो होला? संसारका ठुला-ठुला सन्त, कवि, महात्माले भनेका कुरा कसैले सुन्न पाउने थिएनन्।

**121.** यस किसिमका रचनाको विधागत स्वरूप बुझाउने उपयुक्त शब्द हो

(1) आत्मकथा

(2) प्रबन्ध

(3) लेख

(4) जीवनी

**122.** 'तलवारले गर्न नसक्ने काम म एकै क्षणमा गर्न सक्छु।' यस वाक्यले दिने अर्थ हो

(1) सरल अर्थ

(2) अभिधार्थ

(3) ध्वन्यार्थ

(4) सामान्यार्थ

**123.** ठाडे उन्यु, बाँसको कप्टेरो, पक्षीको प्वाँख इत्यादिले बुझाउँछन्

(1) कलम वा लेखनीको सौन्दर्यका निम्ति प्रयुक्त वस्तुहरू

(2) कलमको रूप विकासमा प्रयुक्त वस्तुहरू

(3) कलम शब्दको स्रोत बुझ्न सहायक शब्दहरू

(4) कलम मात्रका लागि प्रयोजनीय वस्तुहरू

**124.** कलम र पेन्सिल दुवै थोकले लेख्न सकिन्छ, कलम र पेन्सिलमाझको पार्थक्य हो

(1) व्यावहारिक

(2) कार्यगत

(3) रूपगत

(4) प्राज्ञिक

**125.** प्रत्येक वय र वर्गका मानिसहरूसँग कलमको सम्बन्ध र यसको चरित्र विचार गर्दा यसलाई भन्न सकिन्छ

(1) सबैको आजीविकाको साधन

(2) सबैको मित्र

(3) सबैसित वैरभाव राख्ने

(4) सबैको सम्मानको सूचक

**126.** कलम, लेखनी र पेन—यी तीनवटा शब्दका निम्ति कुन कथन सर्वाधिक उपयुक्त हुन्छ?

(1) तीनवटा नै तत्सम शब्द होइनन्

(2) तीनवटामा नै अक्षरगत समानता छ

(3) तीनवटामा नै अर्थगत समानता छैन

(4) तीनवटा नै झर्रा शब्द होइनन्

**127.** 'ठुलाठुला' र 'नयाँनयाँ' दुवैवटा शब्दमा द्वित्व छ, द्वित्व हो

(1) शब्द निर्माणको एउटा प्रक्रिया

(2) नामलाई विशेषण बनाउने एउटा प्रक्रिया

(3) अप्रचलित अर्थमा शब्द प्रयोगको एउटा प्रक्रिया

(4) पदयोग र पदवियोगको एउटा प्रक्रिया

**128.** कलमका सन्दर्भमा तर्कसम्मत किसिमले यो कथन प्रामाणिक छ

(1) शिक्षकसित रहेर म पाठ्यसामग्री पनि बनाउँछु

(2) शिक्षकसित रहेर म पाठ्यसामग्री मात्र बनाउँछु

(3) शिक्षकसित र पाठ्यसामग्रीसित मेरो कुनै सम्बन्ध छैन

(4) शिक्षकसित रहेर म पाठ्यसामग्री बनाउँछु

**129.** कवि-साहित्यकारका लागि कलम उपयोगको वस्तु मात्र नभएर यो

(1) सत्सङ्गमा सामेल हुने साथी हो

(2) अलङ्कार वा गहना हो

(3) (1) र (2) दुवै हो

(4) (1) र (2) दुवै होइन

**130.** यस पठन जाँचको अङ्क निर्धारण कसरी गर्नुहुन्छ?

प्रश्न : के बाघ विलुप्त प्राणी हो?

उत्तर (1) : होइन, तर यो अचेल विरलै देखिन्छ (1)

उत्तर (2) : बाघ विलुप्तिको संघारमा छ (1)

(1) उत्तर (1) का निम्ति ½ अङ्क, उत्तर (2) का निम्ति 1 अङ्क

(2) उत्तर (2 का निम्ति ½ अंङ्क, उत्तर (1) का निम्ति 1 अङ्क

(3) उत्तर (1) का निम्ति 1 अङ्क, उत्तर (2) का निम्ति 1 अङ्क

(4) उत्तर (2) का निम्ति 1 अङ्क, उत्तर (1) का निम्ति 0 अङ्क

**131.** त्यो पठन नीति जसले विद्यार्थीहरूका निम्ति कुनै पाठ सान्दर्भिक छ वा छैन भन्ने कुराको निर्णय गर्न आवश्यक सामान्य जानकारीमा सहयोग गर्ने हुन्छ

(1) सर्सर्ती हेर्नु (स्किमिङ)

(2) अनुमानित गर्नु (प्रेडिक्टिङ)

(3) सार ग्रहण गर्नु (समराइजिङ)

(4) अवलोकन गर्नु (स्क्यानिङ)

**132.** विद्यार्थीहरू एउटा प्रहसन "विशाल वाक्य रहस्य" लेख्छन्। चारजना पात्र लिएर उनीहरू यो दस पङक्तिमा लेख्छन्। प्रत्येक पात्रले केवल एउटै किसिमको वाक्य बोल्न सक्छ। यस क्रियाकलापले यस अभ्यासका निम्ति राम्रो सघाउ पुऱ्याउँछ

(1) शब्दावलीको प्रयोगमा

(2) पठनपछिको अभ्यासमा

(3) पठनअघिको कार्यमा

(4) व्याकरण प्रयोगमा

133. कक्षा III का विद्यार्थीहरूमा सृजनात्मक लेखनलाई प्रोत्साहित गर्न कुनचाहिँ विधि उपयुक्त हुन्छ?

(1) बोर्डमा एउटा रूपरेखा दिएर

(2) चित्रहरूको प्रयोग गर्दै परिचर्चा गरेर

(3) विद्यार्थीहरूलाई जे इच्छा हुन्छ त्यही लेख्न दिएर

(4) दिइएको विषयमा विस्तृत चर्चा गरेर

134. आफ्नो कक्षाका अधिकांश विद्यार्थीहरूले अङ्ग्रेजी बोल्न सङ्कोच मानेका खण्डमा उनीहरूको हिच्किचाहट पर सार्न सहयोग पुऱ्याउन तपाईं के गर्नुहुन्छ?

(1) स-साना समूह अथवा जोडी जोडी भएर शिक्षार्थीहरूलाई आफ्नो प्रस्तुति लेख्न र पूर्वाभ्यास गर्न दिएर

(2) कक्षामा तत्काल वक्तृताका निम्ति खुबै सामान्य विषयहरू दिएर

(3) अरूले आ-आफ्नो प्रस्तुति सिद्ध्याएपछि अन्तमा उनीहरूलाई बोल्न दिएर

(4) लक्ष्य भाषामा तिनीहरूलाई व्यक्तिगत कोचिङ दिएर

135. श्रवण कौशल अभ्यासका निम्ति शिक्षकले एउटा कार्य तयार पारेका छन् जहाँ विद्यार्थीहरू रेलवेको उद्घोषणा सुन्दछन् तथा रेलहरूको आगमन र प्रस्थान समयादि तालिकामा भर्दछन्। यहाँ विद्यार्थीहरू गरिरहेछन्

(1) छोटो फिल्म हेरिरहेछन्

(2) श्रवण वा अडियो रेकर्डिङका आधारमा तालिका सम्पन्न गरिरहेछन्

(3) जोडजोडले उद्घोषणा पढिरहेछन्

(4) डाटा भरिएको तालिकाको विवेचना

136. वयस्क भएपछि भाषा सिक्दा कुनै विदेशी भाषाका सन्दर्भमा

(1) बढी दक्षता प्राप्त हुन्छ

(2) साधारण अधिग्रहण हुन्छ

(3) अधिग्रहणमा कठिनाइ हुन्छ

(4) दक्षता हराउँछ

137. 'ई-शिक्षा' हो

(1) सक्रियताका साथ हार्डवेयरको एकीकरण

(2) दूरशिक्षा

(3) फिल्म वृत्तचित्र

(4) प्रविधिको प्रयोगद्वारा गरिने सम्मिश्रित शिक्षा

**138.** एउटा द्विभाषी कक्षामा विद्यार्थीहरूलाई लक्ष्य भाषाको शैक्षणिक अनि कथ्य रूपको भेद छुट्ट्याउन सहयोगका निम्ति उनीहरूलाई प्रोत्साहित गर्नुपर्छ

(1) लक्ष्य भाषामा बोल्न

(2) लक्ष्य भाषामा लेखिएका धेरै पुस्तक पढ्न

(3) धेरैजसो अङ्ग्रेजीमा लेख्न

(4) अधिकतर सम्बन्धित द्विभाषिक फिल्म हेर्न

**139.** आफ्ना समकक्षीका भाषिक दक्षताको स्तरमा पुग्न पछि परेका विद्यार्थीहरूलाई सहयोग गर्नका निम्ति गरिने शिक्षण योजनालाई भनिन्छ

(1) संशोधन

(2) संक्षेपण

(3) पुनःप्रतिपादन

(4) पुनर्मध्यस्थता

**140.** मिश्रित योग्यता भएको भाषा कक्षामा विद्यार्थीहरूका निम्ति यस्तो पाठ्यक्रम आवश्यक हुन्छ

(1) खेलकुद र भाषाहरू धेर केन्द्रित

(2) केही निश्चित समयहरूमा विद्यार्थीहरूलाई समरूपी समूहमा राख्ने

(3) विविध शिक्षण स्वभाव भएका विद्यार्थीहरूमाझ बृहत् अन्तर्क्रियाको अवसर दिने

(4) गणित र भाषाहरूमा धेर महत्त्व दिने

**141.** भूल धारणा चिह्नित गर्नुहोस् : विद्यार्थीहरूका निम्ति प्रस्तावित नेपाली भाषाका पाठ्य-पुस्तकले प्रदान गर्छ

(1) शिक्षकका निम्ति विवरणात्मक पाठयोजना

(2) शिक्षण प्रक्रियाको प्रस्तावित अनुक्रम

(3) सूचनाको सन्तुलित प्रस्तुति

(4) शिक्षण अनुभवका सङ्गठित एकाइहरू

**142.** भाषा शिक्षामा निश्चित प्रकारका व्याकरणिक त्रुटिहरू स्वाभाविक रूपले हुने गर्छन्। त्यसैले शिक्षकले

(1) 'कमजोर' विद्यार्थीहरू चिह्नित गरेर अनि अलग राखेर विशेष कक्षा सञ्चालन गर्नुपर्छ

(2) कक्षामा विद्यार्थीले गरेका भूलहरू त्यतिबेला नै सच्च्याउनुपर्छ, जसकारण अरूका भूलबाट उनीहरूले पनि सिक्छन्

(3) शिक्षार्थीले बोलुन्जेल वा पढुन्जेल पर्खनुपर्छ र त्यसपछि सर्वाधिक साझा त्रुटिहरूको सुधारबारे सुझाउ दिनुपर्छ

(4) ती स्वाभाविक हुन् भनी त्यस्ता त्रुटि गर्न दिनुपर्छ

**143.** एकजना विदेशी वा मातृभाषेतर शिक्षकका निम्ति कक्षामा प्रायः नै अनिच्छुक र निरुत्साही विद्यार्थीहरू समस्याका रूपमा रहन्छन्। यस स्थितिमा सहयोग गर्न सकिन्छ

(1) उत्साह प्रदान गर्न तथा कक्षामा शिक्षणलाई अझ रुचिकर र चुनौतिपूर्ण पार्नका निम्ति पद्धति तथा कौशलहरूको प्रयोग गरेर

(2) शैक्षणिक परामर्शदातालाई कक्षामा सम्बोधन गर्न लगाएर र सहयोग लिएर

(3) 'निरुत्साही' विद्यार्थीहरू चिह्नित गरेर र उनीहरूका निम्ति विशेष कक्षा सञ्चालन गरेर

(4) विद्यार्थीहरूलाई उनीहरूको आफ्नै समयमा शिक्षासम्बन्धी कार्य गर्न उत्साहित गरेर

**144.** भाषा शिक्षार्थीहरू गरेर गर्न सिक्छन्। कुनचाहिँ क्रियाकलापले यस विचारको समर्थन गर्दछ?

(1) अभ्यासको अवसर अत्यन्त महत्त्वपूर्ण हुन्छ, किनभने यसले स्वभाव निर्माणमा सहयोग गर्छ

(2) निर्धारित पाठको अर्थ असल ढङ्गमा बुझ्न प्रोत्साहित गर्न मातृभाषाको प्रयोगलाई प्रेरित गर्नु

(3) वस्तुनिष्ठबाट अमूर्त पाठहरूमा जानु

(4) शिक्षकले लेख्ने अनि बोल्ने शैलीको प्रारूप तयार पार्छन् जसको अनुकरण विद्यार्थीहरू गर्छन्

*निर्देश* : दिइएको अनुच्छेद पढ्नुहोस् अनि उपयुक्त विकल्पको चयन गरी तल दिइएका (प्रश्न **145** देखि प्रश्न **150**) प्रश्नहरूको उत्तर दिनुहोस् :

घुम्नु मान्छेको जन्मजात प्रवृत्ति हो। नजिक होस् वा टाढो, एक्लै होस् वा समूहमा, घुम्नाको चाहना सबैमा हुन्छ। गाँस-वास-कपासको खोजीमा आदिम मान्छेहरू घुमेरै एक ठाउँदेखि अरू ठाउँ जाने भए। 'परि' र 'अटन' शब्दबाट 'पर्यटन' शब्द बनेको हो। यसबाट घुमफिर गर्नु, मोजमस्ती गर्नु, हावापानी बद्लनु बुझिन्छ। नयाँ ठाउँबारे मान्छेको जिज्ञासा, आनन्दको खोज, तीर्थाटन, व्यापार-विनिमय आदि कारणले पर्यटनको सोचविचारले विस्तार पायो र यात्राले व्यवस्थित रूप लिन सुरू गऱ्यो। इतिहासकै कुरा गर्नु हो भने यूरोपबाटै पर्यटनको व्यवस्थित सोचले सबैभन्दा पहिले जन्म लियो। पश्चिममा मिस्र र रोमन साम्राज्यका साथै फारसी र यूनानी साम्राज्यमा पहिलो प्रहरको यात्रासम्बन्धी अधिसंरचना विकसित भयो। भारतमा तीर्थाटनबाट देशाटनको सोच विस्तार भयो। हिन्दू धर्मको चार धाम चार दिशामा हुनु, बौद्ध विहार ठाउँ-ठावैं हुनु आदि भारतीय यात्राका कारक तत्त्वहरू हुन्। मोहनजोदडो वा हरप्पाका उत्खननबाट त्यहाँका मान्छे दूर देश यात्रामा निस्कन्थे भन्ने थाहा लागेको थियो। सिन्धु घाटीको सभ्यताका अवशेषबाट पनि धेरै विदेशी वस्तु फेला पर्दछन् र वस्तु विनिमय हुने प्रमाण पाइन्छन्। मिस्रको सभ्यता हेर्नका लागि संसारका विभिन्न ठाउँबाट पर्यटक त्यहाँ जान्थे। त्यहाँका भित्तिचित्र, यात्रा-विवरण आदिबाट यी कुराको पुष्टि हुन्छ। संसारका सामान्य मान्छेको यात्रा र साहित्यिक मान्छेको यात्रा मिल्दैन। साहित्यिक यात्रीलाई घुम्नाको अद्भुत आकर्षणले तानिरहेको हुन्छ र त्यसतिर उनीहरू तानिइरहेका हुन्छन् अनि पाठकहरूलाई पनि तानिरहेका हुन्छन्।

**145.** 'गाँस-वास-कपासको खोजीमा आदिम मान्छेहरू घुमेरै एक ठाउँदेखि अरू ठाउँ जाने भए।' यसमा घुम्नाको कारण देखिन्छ

(1) एका-अर्कालाई बुझ्न चाहने स्वभाव

(2) आर्थिक तथा भौतिक स्थिति

(3) मानिस वयस्क हुनु

(4) पर्यटनको चाहना

146. प्राचीन भारतीयहरूमा घुमफिर गर्नाको मुख्य उद्देश्य, जसबाट अन्य स्थानतिर घुम्न जाने विचारले व्यापकता पायो त्यो हो

(1) धार्मिक लाभ

(2) एकत्वको खाँचो

(3) साम्राज्य विस्तारको लोभ

(4) प्राज्ञिक आवश्यकताको पूर्ति

147. 'सामान्य मान्छेको यात्रा' अनि 'साहित्यिक मान्छेको यात्रा' पदावलीहरूमा 'मान्छेको' पदमा रहेको व्याकरणिक साझापन हो

(1) दुवैमा 'मान्छेको' पदले मानिसको आदिम वृत्ति बुझाएको छ

(2) दुवैमा 'मान्छेको' पद विशेषण हुन्

(3) दुवैमा 'मान्छेको' पद संज्ञा हुन्

(4) दुवैमा 'मान्छेको' पदले यात्रा बुझाउँछ

148. 'पर्यटन' शब्दलाई 'परि' र 'अटन' गरी छुट्ट्याउन सकिन्छ, यस्तो प्रक्रियालाई भनिन्छ

(1) सन्धि विच्छेद

(2) भिन्न स्रोतका शब्दहरूको विभाजन

(3) द्वित्व प्रक्रिया

(4) समास विग्रह

149. 'भित्तिचित्र' पदमा 'भित्ति' शब्दको अर्थ भित्ता हुन्छ, स्रोतका हिसाबले 'भित्ति' कस्तो शब्द हो?

(1) तद्भव

(2) झर्रो

(3) फारसी

(4) तत्सम

150. मोहनजोदडो र हरप्पाको उत्खननबाट प्राप्त सभ्यताको अवशेषले त्यहाँका मानिस त्यसबेला निम्न कुरामा संलग्न थिए भन्ने प्रमाण पाइन्छ

(1) समूह-समूहमाझ हुने सङ्घर्षमा

(2) मुद्राको प्रचलन हुनुभन्दा अघिको वस्तु लेनदेन गर्ने काममा

(3) तीर्थाटन गर्ने कार्यमा

(4) वस्तु सञ्चय गर्ने काममा

SPACE FOR ROUGH WORK

*तल दिइएको निर्देशन ध्यानले पढ्नुहोस् :*

1. प्रत्येक प्रश्नका लागि दिइएको चार विकल्पबाट सही उत्तरको लागि OMR उत्तर-पत्रको दोस्रो पातोमा केवल एउटा वृत्तलाई नीलो/कालो बॉलपोइन्ट पेनले कालो पार्नुहोस्। एकपटक उत्तर कालो पारेपछि त्यसलाई बदलाउनु सकिने छैन।

2. परीक्षार्थीले उत्तर पुस्तिका पल्टाइ वा भाँचभुच गर्न पाउने छैनन्। कुनै पनि उत्तरमाथि कोरकार नगर्नु। निर्दिष्ट गरेको स्थान बाहेक अन्यत्र कतै आफ्नो रोलनम्बर नलेख्नु।

3. परीक्षा पुस्तिका र OMR उत्तर-पत्रलाई ध्यानपूर्वक प्रयोग गर्नु किनभने कुनै पनि परिस्थितिमा (केवल परीक्षा पुस्तिका र OMR उत्तर-पत्रको सङ्केत या सङ्ख्यामा भिन्नताको स्थिति बाहेक) दोस्रो परीक्षा पुस्तिका दिइने छैन।

4. परीक्षार्थीले परीक्षा पुस्तिका/उत्तर-पत्रमा दिइएको परीक्षा पुस्तिका सङ्केत र सङ्ख्यालाई सही तरीकाले हाजिरी-पत्रमा लेख्नु पर्छ।

5. परीक्षार्थीले परीक्षा हॉलमा/कक्षमा प्रवेश-पत्र छोडेर कुनै प्रकारका पाठ्यसामग्री—मुद्रित या हस्तलिखित, कागजको पर्ची, पेजर, मोबाइल फोन, इलेक्ट्रॉनिक उपकरण अथवा अन्य प्रकारका सामग्री ल्याउन अथवा उपयोग गर्न पाउने छैनन्।

6. आवश्यक र उचित समयमा परीक्षार्थीले आफ्नो प्रवेश-पत्र निरीक्षकलाई देखाउनुपर्ने छ।

7. अधीक्षक/निरीक्षकको विशेष अनुमति बिना कुनै परीक्षार्थी आफ्नो स्थान छोड्न सक्ने छैनन्।

8. कार्यरत निरीक्षकलाई आफ्नो उत्तर-पत्र नदिइकन र हाजिरी-पत्रमा दोबारा हस्ताक्षर नगरीकन परीक्षार्थीले परीक्षा हॉल/कक्ष छोड्न सक्ने छैनन्। यदि कुनै परीक्षार्थी हाजिरी-पत्रमा दोस्रोपल्ट हस्ताक्षर नगरेमा यो मानिन्छ कि तिनले उत्तर-पत्र फर्काएका छैनन् र यसलाई अनुचित साधनको मामला मानिन्छ।

9. कुनै पनि विद्युतीय/हस्तचालित उपकरणका उपयोग गर्न शक्त मना छ।

10. परीक्षार्थीले परीक्षा हॉल/कक्षमा बोर्डले दिइएको निर्देशको पूर्णरूपले पालन गर्नुपर्ने छ। कुनै तरीकाले नियम उल्लङ्घन भएमा बोर्डको नियमअनुसार व्यवस्था गरिने छ।

11. कुनै हालतमा परीक्षा पुस्तिका र उत्तर-पत्रका कुनै भाग अलग गर्न पाइने छैन।

12. **परीक्षाको समाप्ति पछि परीक्षार्थीले परीक्षा हॉल/कक्ष छोड्नको पूर्व उत्तर-पत्र कक्ष-निरीक्षकलाई बुझाउनुपर्ने छ।** ***परीक्षार्थीले आफूसँग यो परीक्षा पुस्तिका लैजान पाउने छन्।***

**READ THE FOLLOWING INSTRUCTIONS CAREFULLY :**

1. Out of the four alternatives for each question, only one circle for the correct answer is to be darkened completely with Blue/Black Ballpoint Pen on **Side-2** of the OMR Answer Sheet. The answer once marked is not liable to be changed.
2. The candidates should ensure that the Answer Sheet is not folded. Do not make any stray marks on the Answer Sheet. Do not write your Roll No. anywhere else except in the specified space in the Answer Sheet.
3. Handle the Test Booklet and Answer Sheet with care, as under no circumstances (except for discrepancy in Test Booklet Code or Number and Answer Sheet Code or Number), another set will be provided.
4. The candidates will write the correct Test Booklet Code and Number as given in the Test Booklet/Answer Sheet in the Attendance Sheet.
5. Candidates are not allowed to carry any textual material, printed or written, bits of papers, pager, mobile phone, electronic device or any other material except the Admit Card inside the Examination Hall/Room.
6. Each candidate must show on demand his/her Admit Card to the Invigilator.
7. No candidate, without special permission of the Superintendent or Invigilator, should leave his/her seat.
8. The candidates should not leave the Examination Hall without handing over their Answer Sheet to the Invigilator on duty and sign the Attendance Sheet twice. Cases where a candidate has not signed the Attendance Sheet, a second time will be deemed not to have handed over the Answer Sheet and dealt with as an unfair means case.
9. Use of Electronic/Manual Calculator is prohibited.
10. The candidates are governed by all Rules and Regulations of the Board with regard to their conduct in the Examination Hall. All cases of unfair means will be dealt with as per Rules and Regulations of the Board.
11. No part of the Test Booklet and Answer Sheet shall be detached under any circumstances.
12. **On completion of the test, the candidate must hand over the Answer Sheet to the Invigilator in the Room/Hall. *The candidates are allowed to take away this Test Booklet with them.***

**निम्नलिखित निर्देशों को ध्यान से पढ़ें :**

1. प्रत्येक प्रश्न के लिए दिए गए चार विकल्पों में से सही उत्तर के लिए OMR उत्तर-पत्र के **पृष्ठ-2** पर केवल एक वृत्त को ही पूरी तरह नीले/काले बॉलपॉइंट पेन से भरें। एक बार उत्तर अंकित करने के बाद उसे बदला नहीं जा सकता है।
2. परीक्षार्थी सुनिश्चित करें कि इस उत्तर-पत्र को मोड़ा न जाए एवं उस पर कोई अन्य निशान न लगाएँ। परीक्षार्थी अपना अनुक्रमांक उत्तर-पत्र में निर्धारित स्थान के अतिरिक्त अन्यत्र न लिखें।
3. परीक्षा पुस्तिका एवं उत्तर-पत्र का ध्यानपूर्वक प्रयोग करें, क्योंकि किसी भी परिस्थिति में (केवल परीक्षा पुस्तिका एवं उत्तर-पत्र के संकेत या संख्या में भिन्नता की स्थिति को छोड़कर) दूसरी परीक्षा पुस्तिका उपलब्ध नहीं करायी जाएगी।
4. परीक्षा पुस्तिका/उत्तर-पत्र में दिए गए परीक्षा पुस्तिका संकेत व संख्या को परीक्षार्थी सही तरीके से हाजिरी-पत्र में लिखें।
5. परीक्षार्थी द्वारा परीक्षा हॉल/कक्ष में प्रवेश-कार्ड के सिवाय किसी प्रकार की पाठ्य-सामग्री, मुद्रित या हस्तलिखित, कागज की पर्चियाँ, पेजर, मोबाइल फोन, इलेक्ट्रॉनिक उपकरण या किसी अन्य प्रकार की सामग्री को ले जाने या उपयोग करने की अनुमति नहीं है।
6. पूछे जाने पर प्रत्येक परीक्षार्थी, निरीक्षक को अपना प्रवेश-कार्ड दिखाएँ।
7. अधीक्षक या निरीक्षक की विशेष अनुमति के बिना कोई परीक्षार्थी अपना स्थान न छोड़ें।
8. कार्यरत निरीक्षक को अपना उत्तर-पत्र दिए बिना एवं हाजिरी-पत्र पर दुबारा हस्ताक्षर किए बिना परीक्षार्थी परीक्षा हॉल नहीं छोड़ेंगे। यदि किसी परीक्षार्थी ने दूसरी बार हाजिरी-पत्र पर हस्ताक्षर नहीं किए, तो यह माना जाएगा कि उसने उत्तर-पत्र नहीं लौटाया है और यह अनुचित साधन का मामला माना जाएगा।
9. इलेक्ट्रॉनिक/हस्तचालित परिकलक का उपयोग वर्जित है।
10. परीक्षा हॉल में आचरण के लिए परीक्षार्थी बोर्ड के सभी नियमों एवं विनियमों द्वारा नियमित हैं। अनुचित साधनों के सभी मामलों का फैसला बोर्ड के नियमों एवं विनियमों के अनुसार होगा।
11. किसी हालत में परीक्षा पुस्तिका और उत्तर-पत्र का कोई भाग अलग न करें।
12. **परीक्षा सम्पन्न होने पर, परीक्षार्थी कक्ष/हॉल छोड़ने से पूर्व उत्तर-पत्र निरीक्षक को अवश्य सौंप दें। *परीक्षार्थी अपने साथ इस परीक्षा पुस्तिका को ले जा सकते हैं।***